# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण १६ गते २०२७ साल

श्री ५ को सरकार

### सूचना तथा प्रसार मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिए बमोजिमको चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२७

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

"ऐन" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३०३

३. चलचित्र निर्माण वितरण तथा प्रदर्शन गर्न इजाजत लिनुपर्नेः– (१) ऐनको दफा ३ को उपदफा (१) अनुसार चलचित्र निर्माण वितरण तथा प्रदर्शन गर्न चाहने व्यक्तिले क्रमशः अनुसूची १ (क), अनुसूची १ (ख) र अनुसूची १ (ग) बमोजिमको ढाँचामा श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालयमा दरखास्त दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको दरखास्तउपर आवश्यक कारवाई गरी इजाजतपत्र दिने भएमा खण्ड (क) र (ख) बमोजिमको इजाजतपत्रको लागि सो खण्डहरूमा तोकेको दस्तूर लिई श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालयको सचिवले र खण्ड (ग) को सम्बन्धमा नियम ७ मा उल्लिखित अधिकारी वा समितिले सोही खण्डमा तोकेको ढाँचामा इजाजतपत्र दिनुपर्छ ।

(क) चलचित्र निर्माणको लागि कथानक चलचित्रको हकमा कथा हेरी रू. २००।– देखि २,०००।– सम्म, अन्य किसिमका चलचित्रको हकमा विषय वस्तु हेरी रू. १०।– देखि ५००।– सम्म र त्यस्तो दरखास्तदिने व्यक्ति विदेशी भए उपरोक्त रकम क्रमशः अमेरिकी डलर २०० देखि १,००० सम्म र अमेरिकी डलर १० देखि ५०० सम्म वा सोही रकमको प्रचलित सटही दरबमोजिम हुने नेपाली रूपैयां लिई अनुसूची २ (क) बमोजिमको ढाँचामा ।

(ख) चलचित्र वितरण गर्ने हकमा रू. ३००।– लिई अनुसूची २ (ख) बमोजिमको ढाँचामा ।

(ग) चलचित्र प्रदर्शनको लागि रू. १००।– लिई अनुसूची २ (ग) बमोजिमको ढाँचामा ।

४. चलचित्र निर्माण वा वितरण गर्ने इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले पालन गर्नु पर्ने शर्तहरूः–

(१) चलचित्र निर्माण गर्न इजाजत प्राप्त व्यक्तिले देहायका म्यादभित्र निर्माण कार्य पूरा गर्नुपर्छ ।

(क) कथानक चलचित्र इजाजतपत्र प्राप्त गरेको मितिले एक वर्षभित्र काम शुरू गरी काम शुरू गरेको मितिले तीन वर्षभित्र ।

(ख) अरू किसिमका चलचित्र इजाजतपत्र प्राप्त गरेको मितिले ६ महीनाभित्र ।

(२) नियम ३ बमोजिम चलचित्र निर्माण गर्न इजाजत प्राप्त व्यक्ति विदेशी भए नियम ४ को अधीनमा रही देहायका शर्तहरू पालन गर्नुपर्छः–

(क) आफूले इजाजतपत्र प्राप्त गरेको कार्यालयबाट एकजना सम्पर्क अधिकृत लिनु पर्नेछ ।

(ख) त्यस्तो सम्पर्क अधिकृतलाई खाना पिना र सवारी सुविधाको अतिरिक्त काठमाडौं उपत्यकाभित्रलाई प्रतिदिन रू. २०।– र काठमाडौं उपत्यका बाहिरलाई प्रतिदिन रू. ३५।– को दरले पारिश्रमिक दिनुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चलचित्र निर्माण गर्ने कामको सिलसिलामा कुनै दुर्घटनामा भई सो सम्पर्क अधिकृतको अंग भंग भएमा अंग भंगको प्रकृति हेरी निजलाई रू. ५००।– देखि २०,०००।– बीस हजारसम्म र मृत्यु भएमा निजको परिवारलाई रू. ४०,०००।– चालिस हजार क्षतिपूर्ति दिनुपर्नेछ ।

(३) चलचित्र वितरण गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिलाई बाहेक अरू कसैलाई चलचित्र वितरण गर्नु हुँदैन ।

५. म्याद थप गर्न सकिनेः– (१) चलचित्र निर्माण गर्ने व्यक्तिले नियम ४ मा तोकिएको म्यादभित्र निर्माण कार्य पूरा गर्न नसक्ने कुनै कारण देखाई सो म्यादभित्रै थप म्यादको लागि निवेदन दिएमा कारण मनासिब देखिए इजाजतपत्र दिने अधिकृतले देहायका चलचित्र सम्बन्धमा बढीमा देहायबमोजिमको थप म्याद दिन सक्नेछः–

(क) कथानक चलचित्रको लागि एक वर्ष ।

(ख) अन्य चलचित्रको लागि ६ महीना ।

(२) चलचित्र वितरण गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले सो इजाजतपत्र प्रत्येक ३ वर्षमा रू. ३००।– तिरी नवीकरण गर्नुपर्छ ।

(३) चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले सो इजाजतपत्र प्रत्येक वर्षमा रू. ५०।– तिरी नवीकरण गर्नुपर्छ ।

६. चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तः– चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले देहायको शर्त पालन गर्नुपर्छ ।

(क) चलचित्र प्रदर्शन गर्ने बिक्री गरिने टिकटमा कालो बजार हुन नदिन सुव्यवस्था मिलाउनुपर्छ ।

(ख) कुनै चलचित्र प्रदर्शन गर्ने प्रत्येक श्रेणीको कम्तिमा ५० प्रतिशत टिकट सो प्रदर्शन शुरू हुनु आधा घण्टा अगावैदेखि मात्र बिक्री गर्न शुरू गर्नुपर्छ ।

(ग) चलचित्र घरमा व्यवस्था गरिएको सिटभन्दा बढी सिट राखी कसैलाई चलचित्र देखाउन हुँदैन ।

७. चलचित्र घर निर्माण गरी चलाउन इजाजतपत्र लिनु पर्नेः– (१) चलचित्र घर निर्माण गरी चलाउन इजाजतपत्र प्राप्त गर्न चाहने व्यक्तिले श्री ५ को सरकार समक्ष वा श्री ५ को सरकारले ऐनको दफा ११ को उप-दफा (२) अन्तर्गत नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी वा समिति समक्ष अनुसूची ३ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ ।

(२) उप-नियम (१) अन्तर्गत पर्न आएका दरखास्तउपर कारवाई गरी इजाजतपत्र दिंदा श्री ५ को सरकार वा सम्बन्धित अधिकारी वा समितिले ऐनको दफा ४ को उप-दफा (३) मा उल्लिखित कुराहरू ध्यानमा राखी रू. १००।– देखि ५००।– सम्म दस्तूर लिई अनुसूची ४ बमोजिमको ढाँचामा इजाजतपत्र दिनसक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपिमा मात्र लागु हुनेछ।

302

८. चलचित्र घरमा हुनु पर्ने व्यवस्थाः– दर्शकहरूको सुरक्षा, स्वास्थ्य एवं सुविधाको निमित्त चलचित्र घरमा देहायको व्यवस्था भएको हुनुपर्दछः–

(क) पर्याप्त मात्रामा ठाउँ ठाउँमा अग्नि नियन्त्रण यन्त्र,

(ख) प्रत्येक तल्लामा महिला तथा पुरूष वर्गको लागि सदैव सफा रहने गरी आधुनिक तरिकाले बनेको छुट्टा छुट्टै शौचालय,

(ग) दुइ दर्शकको बीच पर्याप्त ठाउँ हुने गरी सुविधाजनक सिटहरू,

(घ) पर्याप्त मात्रामा एक्जहाउस्ट फैनहरू,

(ङ) गर्मी याममा पर्याप्त पंखाहरू,

(च) ठाउँ ठाउँमा थुक्ने र चुरोट निभाई फाल्ने व्यवस्था,

(छ) आवश्यक मात्रामा आकश्मिक द्वारहरू,

(ज) प्रदर्शन हेर्न प्रवेश गर्दा र निस्कंदा चलचित्र प्रदर्शनमा बाधा नपर्ने प्रवेश द्वारहरू,

(झ) प्रदर्शनअघि र मध्यान्तरमा फर्निचर सहितको विश्राम गर्ने ठाउँ,

(ञ) पर्याप्त खाने पानी,

(ट) प्रदर्शन पर्दा र दर्शकहरूको बीच कम्तीमा.......मीटरको फासला ।

९. चलचित्र घर जांच गर्ने र सजाय गर्ने अधिकारीः– ऐनको दफा ६ र दफा १२ को उप-दफा (१) को प्रयोजनको निमित्त देहायको अधिकारी तोकिएको छः–

(क) वाग्मती अञ्चलको लागि मुख्य अञ्चलाधीश र

(ख) अन्य अञ्चलको लागि सम्बन्धित अञ्चलाधीश ।

१०. चलचित्र जांच समिति, दरखास्त तथा पारिश्रमिकः– (१) चलचित्र जांच समिति तोकिएको जिल्लामा राजपत्रमा सूचना प्रकाशित गरी तोकिएबमोजिम गठन गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम गठित चलचित्र जांच समितिमा अनुसूची ५ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ ।

(३) चलचित्र जांच समितिका सदस्यहरूले प्रत्येक चलचित्र जांच गरे बापत जनही रू. ४०।– चालिस पारिश्रमिक चलचित्र जांच गराउने व्यक्तिबाट पाउनेछ ।

११. टिकट दर र श्रेणीः– (१) ऐनको दफा १० बमोजिम चलचित्र घरहरूमा कायम गरिने विभिन्न श्रेणी र टिकटको दर अनुसूची ६ बमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले समयं समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उपनियम (१) मा उल्लेखित अनुसूचीमा तोकेबमोजिमको श्रेणी र टिकट दरमा परिवर्तन गर्न सक्नेछ । तर कुनै चलचित्र घरले सामान्य चलचित्र घरहरूभन्दा दर्शकहरूलाई बढी सुविधा प्रदान गरेको रहेछ भने, श्री ५ को सरकारले त्यस्तो चलचित्र घरको टिकट दरमा उपयुक्त वृद्धि गर्ने अधिकारमा यस दफाले कुनै बाधा दिइएको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १ (क)

(नियम ३ (१) संग सम्बन्धित)

### चलचित्र निर्माण गर्न इजाजतपत्र माग्ने दरखास्त

१. इजाजतपत्र माग्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:–

२. निर्माण गर्ने चलचित्रको किसिम:– कथानक । अन्य........

३. निर्माण गर्ने चलचित्रको नाम:–

४. निर्माण गर्ने चलचित्रको भाषा:–

५. निर्माण हुने चलचित्रको जम्मा लम्बाई (मिटरमा)

६. चलचित्र खिच्ने स्थानहरू:–

७. चलचित्र निर्माण प्रारम्भ गर्ने प्रस्तावित मिति:–

८. चलचित्र निर्माणमा लाग्ने अन्दाजी पूंजी:–

९. कलाकारहरू कति जना रहने:– विदेशी कति स्वदेशी कति ?:–

१०. चलचित्र निर्माणको उद्देश्य:–

११. कति प्राविधिज्ञहरू कहांबाट आउने:–

१२. प्राविधिक सामानहरू कहांबाट ल्याउने:–

द्रष्टव्य:– निर्माण गरिने कथानक वा अन्य चलचित्रको एक प्रति कथा तथा विषयवस्तु दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

श्री............
............
............

उपरोक्त चलचित्र निर्माण गर्नका लागि इजाजतपत्र पाउन चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार यो दरखास्त पेश गरेको छु । व्यहोरा झुठ्ठा ठहरे नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको पूरा नाम र ठेगाना

मिति:–

नाम:–

ठेगाना:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १ (ख)
(नियम ३ (१) संग सम्बन्धित)

### चलचित्र वितरण गर्ने इजाजतपत्रको लागि दिइने दरखास्त

१. चलचित्र वितरण गर्ने व्यक्तिको नाम, ठेगानाः–
२. धनीको नाम, ठेगानाः–
३. वितरण गर्ने प्रस्तावित कार्यालयको नामः–
४. कार्यालय रहने स्थानः–
५. चलचित्र वितरण गर्ने कार्यका लागि लगाउने अन्दाजी पूंजीः–
६. विदेशी मुद्रा चाहिने भए के कति कुन श्रोतबाट प्राप्त गर्नेः–

श्री............
............
............

उपरोक्तानुसार चलचित्र वितरण गर्ने कार्यालय खोलनका लागि इजाजतपत्र पाउन यो दरखास्त पेश गरेको छु । व्यहोरा झुट्ठा ठहरे नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको नाम, ठेगाना

मितिः– नामः–
ठेगानाः–

## अनुसूची– १ (ग)
(नियम ३ (ग) संग सम्बन्धित)

### चलचित्र प्रदर्शन गर्ने इजाजतको लागि दिने दरखास्त

१. इजाजत माग्ने व्यक्तिको नाम, ठेगानाः–
२. चलचित्र प्रदर्शन गर्ने चलचित्र घरको नामः–
३. चलचित्र घरको धनीको स्वीकृतिको निस्साः–
४. चलचित्र प्रदर्शन गर्ने अवधिः–

श्री ..............
..............
..............

उपरोक्तानुसार चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र पाउन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार यो दरखास्त पेश गरेको छु । व्यहोरा झुट्ठा ठहरे नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको नाम, ठेगाना

नामः–

मितिः– ठेगानाः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

30८

## अनुसूची- २ (क)

(नियम ३ (२) संग सम्बन्धित)

### चलचित्र निर्माण गर्न दिइने इजाजतपत्र

१. इजाजत पाउने व्यक्ति वा संस्थाः–

२. निर्माण गर्ने चलचित्रको किसिमः–

३. निर्माण गर्ने चलचित्रको नामः–

४. निर्माण गर्ने चलचित्रको भाषाः–

५. निर्माण हुने चलचित्रको फीटः–

६. चलचित्र खिच्ने स्थानहरूः–

७. चलचित्र निर्माण प्राप्त गर्ने प्रस्तावित मितिः–

८. चलचित्र निर्माणमा लाग्ने अन्दाजी पूंजीः–

९. चलचित्र निर्माणको उद्देश्यः–

| | | | |
|---|---|---|---|
| १०. | कलाकारहरू रहनेः– | जना विदेशी र | जना स्वदेशी |
| ११. | प्राविधिज्ञहरूः– | जना | बाट आउने |
| १२. | प्राविधिक सामानहरूः– | | बाट ल्याउने |

श्री ....................

....................

....................

उपरोक्तानुसार चलचित्र निर्माण गर्नका लागि चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार यो इजाजतपत्र प्रदान गरिएको छ।

कार्यालयको छाप

इजाजतदिने अधिकृत

नामः–

मितिः– दर्जाः–

कार्यालयः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– २ (ख)
(नियम ३ (२) संग सम्बन्धित)

**चलचित्र वितरण गर्न दिइने इजाजतपत्र**

१. चलचित्र वितरण गर्ने व्यक्तिको नामः–
२. चलचित्र वितरण गर्ने कार्यालयको नामः–
३. कार्यालय रहने स्थानः–
४. धनी वा साझेदारहरूको नामः–
५. सम्बन्धित कार्यका लागि लगाउने पूंजीः–

श्री ................
....................
......................

उपरोक्तानुसार तपाईंलाई चलचित्र वितरण गर्न इजाजत प्रदान गरिएको छ ।

इजाजतपत्र प्रदान गर्ने व्यक्तिको नाम र ठेगाना

कार्यालयको छाप नामः–
ठेगानाः–

## अनुसूची– २ (ग)
( नियम ३ (२) (ग) संग सम्बन्धित )

**चलचित्र प्रदर्शन गर्ने इजाजतपत्र**

१. इजाजत माग्ने व्यक्तिको नाम, ठेगानाः–
२. चलचित्र प्रदर्शन गर्ने चलचित्र घरको नामः–
३. चलचित्र घरको धनीको स्वीकृतिको निस्साः–
४. चलचित्र प्रदर्शन गर्ने अवधिः–

श्री ................
....................
......................

उपरोक्तानुसार चलचित्र प्रदर्शन गर्न चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार इजाजतपत्र प्रदान गरिएको छ ।

इजाजतपत्रदिने अधिकृत

कार्यालयको छाप नामः–
दर्जाः–
कार्यालयः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ३
(नियम ७ (१) संग सम्बन्धित)

**चलचित्र घर निर्माण गरी चलाउन इजाजत माग्ने दरखास्त**

१. इजाजत माग्ने व्यक्तिको नाम, ठेगानाः–
२. चलचित्र घर निर्माण गर्ने स्थानः–
३. चलचित्र घरको निर्माणमा लाग्ने अन्दाजी पूंजीः–
४. निर्माण गरिने चलचित्र घरको नामः–
५. चलचित्र घरको निर्माण प्रारम्भ गर्ने मितिः–

श्री ...............
...................
....................

उपरोक्तानुसार चलचित्र घर निर्माण गरी चलाउनको लागि इजाजतपत्र पाउन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार यो दरखास्त पेश गरेको छु । निर्माण गर्ने चलचित्र घरको नक्सा २ प्रति यसैसाथ संलग्न छ । माथि उल्लेखित कुरा झुट्ठा ठहरे नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिनेको पूरा नाम र ठेगाना
नामः–
मितिः– ठेगानाः–

अनुसूची– ४
(नियम ७ (२) संग सम्बन्धित)

**चलचित्र घर निर्माण गरी चलाउन दिइने इजाजतपत्र**

१. इजाजतपत्र पाउने व्यक्तिको नामः–
२. चलचित्र घर निर्माण गर्ने स्थानः–
३. चलचित्र घरको प्रस्तावित नामः–
४. चलचित्र घरको निर्माणमा लाग्ने अन्दाजी पूंजीः–
५. चलचित्र घरको निर्माण प्रारम्भ गर्ने मितिः–
६. चलचित्र घरको निर्माण साझेदारी वा एकलौटीबाट हुनेः–

श्री ...............
...................
....................

उपरोक्तानुसार चलचित्र घर निर्माण गरी चलाउन चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार यो इजाजतपत्र प्रदान गरिएको छ । चलचित्र घरको स्वीकृत नक्सा यसैसाथ संलग्न छ ।

स्वीकृति दिने अधिकारी
कार्यालयको छाप नामः–
दर्जाः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ५
(नियम १० (२) संग सम्बन्धित)

चलचित्र प्रदर्शन गर्न चलचित्र जाँच समितिछेउ दिनुपर्ने दरखास्त

१. चलचित्र जँचाउन चाहने व्यक्तिको नाम, ठेगाना:–
२. चलचित्र जाँच्ने स्थान:–
३. चलचित्रको नाम:–
४. चलचित्रको भाषा:–
५. चलचित्र वितरकको नाम:–
६. चलचित्रको किसिम:–
७. चलचित्रको लम्बाई मिटर:–
८. चलचित्र प्रदर्शन गर्ने स्थान:–
९. चलचित्र जाँच गराउने मिति:–
१०. चलचित्र जाँच गराउने समय:–

श्री ..................
..................
..................

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमहरू, २०२६ अनुसार उपरोक्त चलचित्र जाँच गराउनका लागि यो दरखास्त पेश गरेको छु। चलचित्रको कथानक तथा विषयवस्तुको पुस्तिका (प्रत्येक सदस्यलाई पुग्ने गरी) थान ... ... यसै साथ संलग्न छ। व्यहोरा झुट्ठा ठहरे नेपाल कानूनबमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको नाम र ठेगाना

मिति:–

नाम:–
ठेगाना:–

अनुसूची– ६
(नियम ११ (१) संग सम्बन्धित)

| श्रेणी | दर |
|---|---|
| स्पेशल–– | ३।८० |
| बाल्कोनी–– | ३।– |
| स्पेशल प्रथम | २।४० |
| प्रथम–– | २।– |
| द्वितीय–– | १।५० |
| तृतीय–– | १।– |
| चतुर्थ–– | ।४३ |

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।